# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
कोशी प्रदेश, नेपाल
स्थापना: २०७३


प.स. ०८२/८३ मितिः २०८२/१०/२५
च.नं. २६४५

**विषय: आधारभूत तह कक्षा ८ परीक्षाको आवेदन फारम सम्बन्धमा।**

**श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु (कक्षा ८ सञ्चालित),**
**अर्जुनधारा नगरपालिका,शनिश्चरे,झापा।**

प्रस्तुत विषयमा यस अर्जुनधारा नगरपालिकाको शैक्षिक सत्र २०८२ का लागि **आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा** सञ्चालन तथा विद्यार्थीहरुलाई परीक्षामा सामेल गराउनका लागि तपसिल बमोजिम हुने गरी आवश्यक कागजातको व्यवस्थापनका लागि सम्बद्ध सबैमा जानकारी साथ सूचित गरिन्छ।

**तपसिल**

१. विद्यार्थीहरुको विवरण ठिक छ/छैन यकिन गरी विद्यार्थीको विवरण ठिक नभएको भए पछिसम्म फरक नपर्ने गरी IEMIS मा विद्यार्थीको जन्मदर्ताअनुसार सबै विवरण (विद्यार्थीको नामथर,जन्ममिति,स्थायी/अस्थायी ठेगाना,अभिभावकको नाम र सम्पर्क नम्बर सहित) सत्यापन गरी **२०८२ फाल्गुण ४ गतेभित्र अनिवार्य Update गर्ने,** (कक्षामा नभएको विद्यार्थीलाई Not In School गर्ने),

२. परीक्षा फारमका लागि विद्यालयले Manage Exam मा गएर Application Form मा Click गरी Print गर्ने र विद्यार्थी र अभिभावकलाई रुजु गर्न लगाई **शिक्षा शाखामा Application Form मिति २०८२/११/१० गतेभित्र अनिवार्य बुझाउने।** उक्त फारम भर्दा विद्यार्थीको पोशाक सहितको फोटो IEMIS System मा अनिवार्य Upload गर्ने। विद्यार्थीहरुको विवरण Update भए पश्चात विद्यालयहरुलाई शिक्षा शाखाबाट Symbol Number उपलब्ध गराइनेछ।

३. शिक्षा शाखाबाट Symbol Number उपलब्ध गराएपछि Manage Exam मा गएर Symbol Number हालेर Admit Card मा Click गरेर २ प्रति Admit Card Print गरी प्रधानाध्यापकबाट प्रमाणित गरी शिक्षा शाखामा पेश गर्ने,

४. विद्यालयको Letter Cover सहित विद्यार्थीहरुको विवरण Alphabetical Order मा फारम दुईवटा फाइलमा तयार गरी एउटा फाइलमा अनिवार्य रुपमा विद्यार्थीको आवेदन फारम,जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, कक्षा ७ को ग्रेडसिटको प्रतिलिपि राखेर शाखामा पेश गर्ने।

**५.विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड २०८०** बमोजिम आन्तरिक **मूल्याङ्कनको अङ्क मिति २०८२/११/१४ गतेभित्रमा** विद्यालयहरुले IEMIS मा Upload गरी प्रमाणित गरी एक प्रति **मिति २०८२/११/१५ गते भित्र शिक्षा शाखामा बुझाउनुपर्नेछ।** (उक्त मिति पश्चात् आन्तरिक अङ्क भर्ने Option बन्द गरिनेछ।)

६. परीक्षा फारम भर्ने विद्यार्थीको उमेर २०८२ चैत्र मसान्त सम्ममा १२ वर्ष पूरा भएको हुनुपर्नेछ। वि.सं. २०७० चैत्र मसान्त पश्चात जन्ममिति भएको विद्यार्थीलाई परीक्षामा सामेल गराइने छैन साथै विद्यार्थीको न्यूनतम हाजिरी ७५% हुनुपर्नेछ।

७. परीक्षा मिति, केन्द्र लगायत अन्य जानकारी पछि उपलब्ध गराइनेछ।

२०८२/१०/२५

हरि बहादुर कवर
शिक्षा अधिकृत सातौं
शिक्षा, युवा तथा खेलकुद शाखा
शाखा प्रमुख